# इन्नोभेटिभ डेभलपमेन्ट बैंक लिमिटेड, सिद्धार्थनगर, रुपन्देहीलाई शीघ्र सुधारात्मक कारवाही गरिएको सम्बन्धी सूचना

इन्नोभेटिभ डेभलपमेन्ट बैंक लिमिटेड, सिद्धार्थनगर, रुपन्देहीको मिति २०७१ असोज मसान्तको वित्तीय विवरणको आधारमा गरिएको समष्टिगत स्थलगत निरीक्षण पश्चात सुपरीवेक्षकीय समायोजन गर्दा मिति २०७१ असोज मसान्तमा पूँजीकोष यस बैंकले न्यूनतम रुपमा तोकेको ११ प्रतिशत भन्दा ०.२० प्रतिशत बिन्दुले नपुग भएको देखिएकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३(क) बमोजिम देहाय अनुसारको निर्देशन दिइएको छ ।

(अ) सुधार कार्यक्रमहरु सम्बन्धमा संस्थाको उच्च व्यवस्थापनसँग छलफल गरी छलफलका विषयवस्तुलाई अभिलेखको रुपमा राख्ने ।

(आ) संस्थाको पुँजी बृद्धि (रि-क्यापिटलाईजेशज) गर्न पुँजी योजना माग गर्ने ।

(इ) लाभांश तथा बोनस शेयर घोषणा गर्न रोक लगाउने ।

(ई) नयाँ शाखा खोल्न रोक लगाउने ।

(उ) मिति २०७२/०४/१७ मा कायम रहेको निक्षेप रकमको १० प्रतिशतले थप गर्दा हुने रकम भन्दा बढी निक्षेप परिचालन नगर्ने ।

मिति: २०७२।०४।२०